आज मिति २०८१ साल असार १६ गते आईतबार नेपालको संविधानको धारा २१६ अनुसार गठित नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको ३२ (बत्तीसौं) बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका उपस्थितमा बसी देहाय बमोजिमको निर्णय गरीयो।

**उपस्थिति**

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. प्रमुख प्रशासकीय अधिकृत: श्री शेष कान्त पौडेल

४. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

५. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

६. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

७. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

८. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

९. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

१०. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

११. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

१२. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१३. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१४. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१५. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१६. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१७. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१८. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१९. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

२०. नगर कार्यपालिका सदस्य : श्री शुसिला परियार

२१. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२२. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

छलफलका लागि पेश भएका विषयहरु:

१. विभिन्न परिपत्र सम्बन्धमा।
२. अनुगमन समितिको प्रतिवेदन उपर छलफल गर्ने सम्बन्धमा।
३. विविध।

निर्णयार्थ पेश भएका विषयहरु:

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।
२. अनुरोध सम्बन्धमा।
३. नमोबुद्ध नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली स्वीकृत गर्ने सम्बन्धमा।
४. अमानतमा राजश्व उठाउने सम्बन्धमा।
५. नगर शिक्षा समितिले पेश गरेको निर्णय अनुमोदन गर्ने सम्बन्धमा।
६. नमोबुद्ध नगरपालिकाको दलित सशक्तीकरण विधेयक, २०८१ स्वीकृत गर्ने सम्बन्धमा।
७. नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पाँचौं अधिवेशन (बजेट अधिवेशन) को तेश्रो बैठकमा पेश गर्ने प्रस्तावहरु सम्बन्धमा।
८. निर्णय अनुमोदनका लागि पेश गर्ने सम्बन्धमा।
९. विविध।

निर्णयहरु:

निर्णय नम्बर १:

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो र कार्यान्वयन हुन बाँकी निर्णय कार्यान्वयन गर्दै अगाडी बढाउने निर्णय गरियो।

निर्णय नम्बर २:

बालमैत्री स्थानीय तह घोषणाको लागि बालमैत्री स्थानीय शासनका सूचक पूरा भएका वडाहरुबाट क्रमशः बालमैत्री वडा घोषणा गर्दै नगरपालिकालाई समेत बालमैत्री स्थानीय तह घोषणा गर्नका लागि सोको आवश्यक अनुगमन गर्न जिल्ला समन्वय समिति, काभ्रेपलाञ्चोक, बागमती प्रदेश सरकार लगायतका निकायलाई अनुरोध गर्ने।

निर्णय नम्बर ३:

विद्यायन समितिमा उत्पन्न भई छलफल र मस्यौदा सहित पेश हुन आएको नमोबुद्ध नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली, २०८१ को दफाबार छलफल गरी परिमार्जन सहित सर्वसम्मत स्वीकृत गर्ने।

**निर्णय नम्बर ४:**

मिति २०८१/०२/२२ गतेको नगर कार्यपालिका बैठकको निर्णयानुसार प्रकाशित नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को लागि प्राकृतिक तथा खानी जन्य बस्तु (ढुङ्गा, गिट्टी, ग्राभेल, बालुवा, रोडा, काठ, माटो, दहत्तर बहत्तर) को ब्रिक्री तथा निकासी शुल्क संकलनको ठेक्का बन्दोबस्त (बोलपत्र)को प्रकृया पुरा नभएसम्मका लागि नगरपालिकाबाट कर्मचारी खटाई नियमानुसार अमानतमा बिक्रि तथा निकासी शुल्क संकलन गर्ने र संकलन कार्यलाई थप पारदर्शी तथा प्रभावकारी बनाउनका लागि सो कार्यमा खटिएका कर्मचारीहरुलाई प्रोत्साहन भत्ता स्वरूप रु.१५०० उपलब्ध गराउने।

**निर्णय नम्बर ५:**

नमोबुद्ध नगरपलिकाको नगर शिक्षा समितिको मिति २०८१/०३/१४ गते बसेको बैठकले पेश गरेको शिक्षक व्यवस्थापन सम्बन्धी निर्णयलाई अनुमोदन गर्ने।

**निर्णय नम्बर ६:**

विद्यायन समितिमा उत्पन्न भई छलफल र मस्यौदा सहित पेश हुन आएको नमोबुद्ध नगरपालिकाको दलित सशक्तीकरण विधेयक, २०८१ को दफाबार छलफल गरी परिमार्जन सहित सर्वसम्मत स्वीकृत गर्ने।

**निर्णय नम्बर ७:**

नमोबुद्ध नगरपलिकाको दोश्रो नगर सभाको पाँचौं अधिवेशन (बजेट अधिवेशन) को मिति २०८१/०३/१७ गते बस्ने तेश्रो बैठकमा पेश गर्ने प्रस्तावहरु:

१. लोकतन्त्र र प्रजातन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्ने।
२. सार्वजनिक लेखा समितिका संयोजक तथा वडा अध्यक्ष श्री कृष्ण बहादुर तामाङज्यूबाट मिति २०८१/०३/१० गते बसेको नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पाँचौं अधिवेशनको दोश्रो बैठकमा पेश भएको नमोबुद्ध नगरपालिकाको आगामी आर्थिक वर्ष २०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बनेको आर्थिक विधेयक, २०८१ र सोसँग सम्बन्धित अनुसूचीहरु दोश्रो नगर सभाको पाँचौं अधिवेशनको तेश्रो बैठकमा स्वीकृतका लागि पेश गर्ने।

३. विधायन समितिका संयोजक तथा वडा अध्यक्ष श्री टिका बहादुर के.सी.ज्यूबाट मिति २०८१/०३/१० गते बसेको नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पाँचौं अधिवेशनको दोश्रो बैठकमा पेश भएको नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न बनेको विनियोजन विधेयक, २०८१ र सोसँग सम्बन्धित अनुसूचीहरु दोश्रो नगर सभाको पाँचौं अधिवेशनको तेश्रो बैठकमा स्वीकृतका लागि पेश गर्ने।

४. नगर उप-प्रमुख श्री रत्न बहादुर लामाज्यूबाट मिति २०८१/०३/१० गते बसेको नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पाँचौं अधिवेशनको दोश्रो बैठकमा पेश भएको नमोबुद्ध नगरपालिकाको चालु आर्थिक वर्ष २०८०/०८१ को यथार्थ र आगामी आर्थिक वर्ष २०८१/०८२ को अनुमानित आय व्यय विवरण सहितको वार्षिक विकास योजना (बजेट तथा कार्यक्रम),२०८१ संशोधन सहित दोश्रो नगर सभाको पाँचौं अधिवेशनको तेश्रो बैठकमा स्वीकृतका लागि पेश गर्ने।

५. विधायन समितिमा उत्पन्न भई छलफल र मस्यौदा सहित पेश हुन आएको र नगर कार्यपालिका बैठकबाट स्वीकृत भएको नमोबुद्ध नगरपालिकाको दलित सशक्तीकरण विधेयक, २०८१ को दफाबार छलफल सहित सर्वसम्मत स्वीकृत गर्नका लागि नगर कार्यपालिका सदस्य श्री शुसिला परियारज्यूबाट दोश्रो नगर सभाको पाँचौं अधिवेशनको तेश्रो बैठकमा पेश गर्ने।

६. नमोबुद्ध नगरपालिकाका नगर उप-प्रमुख तथा न्यायिक समितिका संयोजक श्री रत्न बहादुर लामाज्यूबाट मिति २०८१/०३/१० गते बसेको नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पाँचौं अधिवेशनको दोश्रो बैठकमा पेश भएको न्यायिक समितिको प्रतिवेदन दोश्रो नगर सभाको पाँचौं अधिवेशनको तेश्रो बैठकमा स्वीकृतका लागि पेश गर्ने।

७. नमोबुद्ध नगरपालिका, नगर कार्यपालिकाको मिति २०८० पौष २६ गते देखि २०८१ असार १७ गते सम्मको बैठकबाट भएका निर्णयहरु, न्यायिक समितिका निर्णयहरु एवं आर्थिक तथा प्रशासनिक निर्णयहरु अनुमोदनको लागि दोश्रो नगर सभाको पाँचौं अधिवेशनको तेश्रो बैठकमा पेश गर्ने।

८. दोश्रो नगर सभाको पाँचौं अधिवेशनबाट स्वीकृत आर्थिक वर्ष २०८१/०८२ को प्रस्तावित वार्षिक नगर विकास योजना (नीति, कार्यक्रम तथा बजेट) कार्यान्वयन गर्ने गराउने अधिकार नगर कार्यपालिकालाई प्रदान गर्न दोश्रो नगर सभाको पाँचौं अधिवेशनको तेश्रो बैठकमा पेश गर्ने।

९. नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० बाट अ.ल्या. भई चालु आर्थिक वर्ष २०८०/०८१ मा खर्च भएका र आर्थिक वर्ष २०८०/०८१ मा नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त भएको विभिन्न शीर्षक तथा गत आर्थिक वर्षबाट अ.ल्या. भई आएका शिर्षकहरुमा २०८१ असार मसान्त सम्म खर्च भएको खर्चको फाँटबारी अनुसारका खर्च तथा खर्च प्रकृया र आर्थिक प्रगति विवरण अनुमोदनका लागि दोश्रो नगर सभाको पाँचौं अधिवेशनको तेश्रो बैठकमा पेश गर्ने।

१०. चालु आर्थिक वर्ष २०८०/०८१ को लागि विविध कारणले अनुमान गरे अनुसारको आर्थिक लक्ष्य प्राप्त गर्न र संघीय सरकार तथा बागमती प्रदेश सरकारबाट अनुमानित वित्तीय हस्तान्तरण र राजश्व बाँडफाँडको रकम साथै नगरपालिकाबाट अनुमानित रहेको आन्तरिक श्रोत, मालपोत रजिष्ट्रेशन लगायतका श्रोतहरुको रकम प्राप्त हुन नसेकेका कारणले चालु आर्थिक वर्ष २०८०/०८१ मा सम्झौता भई कार्यदेश भएका र कार्यान्वयन भएका तर भुक्तानी हुन बाँकि रहन जाने नगरस्तरीय तथा वडास्तरीय आयोजना/कार्यक्रमहरुको सम्बन्धमा बजेट सहित योजना शिर्षक आ.ल्या गरी यस आर्थिक वर्षमा खर्च नभई मौज्दात रहने रकम र आर्थिक वर्ष २०८१/०८२ को लागि विनियोजन भएको अ.ल्या योजना भुक्तानी शिर्षकबाट व्यहोरिने गरी भुक्तानी गर्नका लागि दोश्रो नगर सभाको पाँचौं अधिवेशनको तेश्रो बैठकमा पेश गर्ने।

११. दोश्रो नगर सभाको तेश्रो अधिवेशनबाट आर्थिक वर्ष २०८०/०८१ को लागि स्वीकृत वार्षिक नगर विकास योजना (नीति, कार्यक्रम तथा बजेट) मा विनियोजन भएका योजना, कार्यक्रम तथा बजेट शिर्षकमा भएका संशोधनहरु अनुमोदनका लागि दोश्रो नगर सभाको पाँचौं अधिवेशनको तेश्रो बैठकमा पेश गर्ने।

१२. यस नगरपालिकाको अन्तरिक लेखा परिक्षण शाखा कायम भई कर्मचारी पदपूर्ति भई सकेको हुँदा चालु आर्थिक वर्ष २०८०/०८१ को अन्तरिक लेखा परिक्षण सो शाखाबाट गराउने र हाल सो शाखामा न्यून कर्मचारी रहेका कारण लेखा परिक्षण गर्न आवश्यक सहयोग चाहिएमा कोष तथा लेखा नियन्त्रण कार्यालय र सम्बन्धित कार्यालयहरुलाई अनुरोध गर्ने।

१३. नगर सभाबाट निर्णय गर्नुपर्ने विषय तर तत्कालै निर्णय गरी निकास लिनुपर्ने अवस्था भएमा र तत्काल नगर सभाको बैठक नबसेको वा बस्न नसक्ने अवस्थामा समेत नगर प्रमुखज्यूको समन्वयमा कार्यपालिकाबाट निर्णय गरी कार्यान्वयन गर्ने र यसरी निर्णय गरिएका सम्पूर्ण विषय अनुमोदनको लागि तत्पश्चात बस्ने नगर सभाबाट अनुमोदन गर्ने गरी अधिकार प्रत्यायोजन गर्नका लागि दोश्रो नगर सभाको पाँचौं अधिवेशनको तेश्रो बैठकमा पेश गर्ने।

१४. महालेखा परीक्षकको कार्यालयबाट नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को अन्तिम लेखा परिक्षण भई प्रारम्भिक प्रतिवेदन प्राप्त भई सोको प्रतिक्रिया पठाई अन्तिम प्रतिवेदन समेत प्राप्त भएकोले उक्त प्रतिवेदन उपर छलफल हुँदा प्रतिवेदनमा उल्लेख भई आएका सुझावहरु कार्यान्वयन गर्ने गरी प्राप्त अन्तिम लेखा परिक्षण प्रतिवेदन र जिन्सी निरीक्षण प्रतिवेदन स्वीकृतका लागि दोश्रो नगर सभाको पाँचौं अधिवेशनको तेश्रो बैठकमा पेश गर्ने।

१५. महालेखा परीक्षकको कार्यालयबाट नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० को अन्तिम लेखा परिक्षण भई प्रारम्भिक प्रतिवेदन प्राप्त भई सोको प्रतिक्रिया पठाई अन्तिम प्रतिवेदन समेत प्राप्त भएकोले उक्त प्रतिवेदन माथि छलफल गरी सार्वजनिक लेखा समितिबाट पेश भएको नियमित गर्नुपर्ने बेरुजुलाई नियमानुसार नियमित गरी फर्छ्यौट गर्नका लागि दोश्रो नगर सभाको पाँचौं अधिवेशनको तेश्रो बैठकमा पेश गर्ने।

१६. नमोबुद्ध नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२, आर्थिक वर्ष २०८२/०८३, आर्थिक वर्ष २०८३/०८४ को मध्यमकालीन खर्च संरचना स्वीकृत गर्नका लागि दोश्रो नगर सभाको पाँचौं अधिवेशनको तेश्रो बैठकमा पेश गर्ने।

१७. बालमैत्री स्थानीय तह घोषणाको लागि बालमैत्री स्थानीय शासनका सूचक पूरा भएका वडाहरुबाट क्रमशः बालमैत्री वडा घोषणा गर्दै नगरपालिकालाई समेत बालमैत्री स्थानीय तह घोषणा गर्ने।

१८. आगामी आर्थिक वर्ष २०८१/०८२ को लागि दोश्रो नगर सभाको पाँचौ अधिवेशनबाट कुनै शिर्षकमा एकमुष्ट बजेट विनियोजन भएको भए गठित विषयगत समितिबाट बजेट बाँडफाँड गर्ने र सो बाँडफाँड भएका बजेट तथा कार्यक्रम स्वीकृत गर्ने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्नका लागि दोश्रो नगर सभाको पाँचौं अधिवेशनको तेश्रो बैठकमा पेश गर्ने।

१९. आगामी आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति, बजेट तथा कार्यक्रममा कुनै पनि शिर्षकहरुमा रहेको एकमुष्ट बजेट तथा यस आर्थिक वर्ष भित्र कुनै प्रकारको एकमुष्ट बजेट प्राप्त भएमा वा कुनै निकायबाट त्यस्तो बजेट तथा कार्यक्रम प्राप्त भएमा त्यो बजेट बाँडफाँड तथा योजना छनोट गर्ने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्नका लागि दोश्रो नगर सभाको पाँचौं अधिवेशनको तेश्रो बैठकमा पेश गर्ने।

२०. संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त भएका वित्तीय हस्तान्तरण अन्तर्गतका सशर्त, समपुरक तथा विशेष अनुदानका कार्यक्रमहरु तोकिए बमोजिम नै खर्च गर्ने गरी आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नगर विकास योजना (नीति, कार्यक्रम तथा बजेट)मा समाहित गर्नका लागि दोश्रो नगर सभाको पाँचौं अधिवेशनको तेश्रो बैठकमा पेश गर्ने।

२१. दोश्रो नगर सभाको तेश्रो अधिवेशनबाट आर्थिक वर्ष २०८०/०८१ को लागि स्वीकृत वार्षिक नगर विकास योजना (नीति, कार्यक्रम तथा बजेट)मा एकमुष्ट रहेको बजेट, नगरस्तरीय विभिन्न योजना संचालन लगायतका शिर्षकमा रहेको बजेट, कुनै पनि शिर्षकहरुमा रहेको एकमुष्ट बजेट तथा यस आर्थिक वर्ष २०८०/०८१ मा विभिन्न शिर्षकमा प्राप्त भएको एकमुष्ट बजेट वा कुनै निकायबाट प्राप्त भएको बजेट तथा कार्यक्रममा विनियोजन भएको रकमबाट संचालित विभिन्न नगरस्तरीय तथा वडास्तरीय योजनाहरु अनुमोदनका लागि प्राप्त भएमा त्यो बजेट बाँडफाँडमा विनियोजन भएका योजना, कार्यक्रम तथा बजेट शिर्षकमा भएका संशोधनहरु अनुमोदनका लागि दोश्रो नगर सभाको पाँचौं अधिवेशनको तेश्रो बैठकमा पेश गर्ने।

२२. नमोबुद्ध नगरपालिकाको आर्थिक प्रशासन शाखाबाट पेश भई आएको आर्थिक वर्ष २०८०/०८१ र २०८१/०८२ को बागमती प्रदेश सरकारबाट स्वीकृत जनप्रतिनिधिहरुको सेवा तथा सुविधा तथा हाल कार्यरत सम्पूर्ण सेवाका कर्मचारीहरुको तलवी प्रतिवेदन स्वीकृत गर्नका लागि दोश्रो नगर सभाको पाँचौं अधिवेशनको तेश्रो बैठकमा पेश गर्ने।

२३. नगरको अधिकार, श्रोत साधन, उत्तरदायित्व, पारदर्शिता र जवाफदेहिता सहितको स्थानीय सरकारको रुपमा स्थापित नमोबुद्ध नगरपालिकाको आर्थिक समृद्धि र स्थानीय स्तरमा लोकतन्त्रको

अभ्यासको क्रममा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधि, राजनीतिक दल, कर्मचारी, सुरक्षाकर्मी, संचारकर्मी, प्रदेश सरकार, संघीय सरकार लगायतमा भष्ट्राचार मुक्त समृद्ध नमोबुद्ध नगरपालिका निर्माणमा आवश्यक सहयोग गर्नु भएकोमा हार्दिक कृतज्ञता सहित धन्यवाद ज्ञापन गर्नका लागि दोश्रो नगर सभाको पाँचौं अधिवेशनको तेश्रो बैठकमा पेश गर्ने।

२४. नमोबुद्ध नगरपालिकाको दोश्रो नगरसभाको पाँचौं अधिवेशन सम्पन्न गर्ने क्रममा योजना तर्जुमाका विभिन्न चरणमा सहयोग पुर्याउनु हुने यस नगरका निर्वाचित सबै जनप्रतिनिधिहरु, नगर सभा सदस्य, कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी, संघीय सरकार, बागमती प्रदेश सरकार, प्रतिनिधि सभा सदस्य, बागमती प्रदेश सभा सदस्य, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, उद्योगी व्यवसायीहरु, प्राज्ञिक व्यक्तित्वहरु, नागरिक समाजका प्रतिनिधिहरु, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, संचारकर्मी लगायत सम्पूर्ण शुभेच्छुक महानुभावहरु तथा सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदी बहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्नका लागि दोश्रो नगर सभाको पाँचौं अधिवेशनको तेश्रो बैठकमा पेश गर्ने।

**निर्णय नम्बर ८:**

माथि उल्लेखित निर्णय नम्बर ०७ का प्रस्तावहरु स्वीकृत गरी दोश्रो नगर सभाको पाँचौं अधिवेशनको तेश्रो बैठकमा अनुमोदनका लागि पेश गर्ने।